नेपाल-भारत उद्योग वाणिज्य संघका अध्यक्ष सुप्रबल जनसेवाश्री पदकबाट बिभूषित हुनुभएको सम्बन्धमा नेपाल-भारत उद्योग वाणिज्य संघको

## बिज्ञप्ति

यस नेपाल-भारत उद्योग वाणिज्य संघका अध्यक्ष श्रीमती सृजना राणा सुप्रबल जनसेवाश्री पदकबाट सम्मानित हुनुभएको छ । श्रीमती राणा उक्त सम्मानबाट सम्मानित हुनुभएकोमा यस नेपाल-भारत उद्योग वाणिज्य संघ पनि गौरवान्वित भएको महशुस गर्दछ ।

अग्रणी नेपाली महिला ब्यबसायीको रुपमा परिचित श्रीमती राणाको ब्यबसायीक, सामाजिक तथा महिला शशक्तिकरणको क्षेत्रमा उहांले पुर्याउनुभएको योगदानको कदर स्वरुप उहाँ उक्त पदकबाट सम्मानित हुनुभएको हो ।

बिगत लामो समय देखि नेपालको होटल तथा पर्यटन क्षेत्रमा संलग्न राणा होटल संघ नेपालको २ कार्यकाल अध्यक्षको रुपमा नेतृत्व गर्नुभएको छ भने नेपाल-भारत उद्योग वाणिज्य संघको पनि २ कार्यकाल नेतृत्व गर्नुभएको छ साथै महिला शशक्तिकरणको क्षेत्रमा जोन्टा क्लब नेपालको पनि सकृय सदस्य हुनुहुन्छ ।

नव बर्ष २०८० सालको पहिलो दिन बैशाख १ गते सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूबाट उक्त सम्मान प्रदान गरिएको हो । उक्त सम्मानबाट श्रीमती राणाका साथै समग्र नेपाली महिला उद्यमीहरुलाई हौसला प्राप्त हुनेछ भन्ने यस संघको ठहर रहेको छ र यस घडीमा नेपाल-भारत उद्योग वाणिज्य संघ श्रीमती सृजना राणालाई हार्दिक बधाई ज्ञापन गर्दछ ।

मार्शल राठौर
उपनिर्देशक
नेपाल-भारत उद्योग वाणिज्य संघ
एस अपार्टमेण्टस्, नारायणचौर, नक्साल, काठमाडौं ।
मिति: २०८० बैशाख ०१ गते शुक्रवार ।